रुपचन्द्रको स्मृति: 'चर्चा होइन उनको दर्शन व्यवहारमा उतारौं' । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१५, अंक-५० ● २०८० असार ११ गते सोमबार, ● 26 Jun, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



## इन्द्रसरोवरको बजेट ४४ करोड ३४ लाख

◆ विकास संवाददाता

मकवानपुर इन्द्रसरोवर गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि ४४ करोड ३४ लाख ५० हजार रूपैयाँ बजेट सार्वजनिक गरेको छ । गाउँपालिका उपाध्यक्ष उमाकुमारी लामाले आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गरिन् ।

पालिकाले १० असारमा गाउँसभाको १२ औ अधिवेशनबाट बजेट पारित गरेको छ । पालिकालाई संघीय सशर्त अनुदान चालुतर्फ १३ करोड ४० लाख, संघीय विशेष अनुदान १ करोड, तोकिएका

बाँकी पेज ५ मा

## थाहानगरको नीति तथा कार्यक्रम र बजेट

# पेश भएकै दिन पारित

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिकाको १३ नगरसभाले आगामि आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट पारित गरेको छ । १० असारमा भएको सभाले पेश भएकै दिन नीति कार्यक्रम र बजेट छलफलसहित पारित गरेको गरपालिकाका प्रवक्ता हेरमान गोपालीले जानकारी दिए ।




सभाले ५० लाख भन्दा बढी बजेटका परियोजनाहरू ठेक्का मार्फत् कार्यान्वयन गर्ने भएको छ । १० असार मा पारित आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रममा यस्तो उल्लेख गरिएको हो । पालिकाले नयाँ सडकको ट्रयाक खोल्ने कार्यलाई निरूत्साहित गरी हाल सञ्चालनमा रहेका सडकहरूको स्तरोन्नति गर्ने बताएको छ । सडकमा नगरस्तरीय बजेट विनियोजन गर्दा अन्तर वडा जोड्ने सडकहरूलाई विशेष ध्यान दिइने पारित नीतिमा उल्लेख छ । नगरपालिकाको गौरवको योजनाको रूपमा थाहा शीत भण्डारलाई लिइएको छ । थाहा शीतभण्डार निर्माण तथा सञ्चालन प्रक्रियालाई उच्च प्राथमिकतामा राखी निर्माण सम्पन्न गर्ने भएको छ । "एक गाउँ, एक सिँचाइ पोखरी" निर्माण गरी कृषि व्यवसायको प्रवर्द्धन गर्ने पालिकाको नीति छ ।

आगामी ५ वर्ष भित्र दुध, अण्डा र माछामासुमा आत्मनिर्भर बनाउने थाहानगर को नीति रहेको छ । वडा कार्यालयमा माइक्रोस्कोप र औषधीको व्यवस्थापन गरी कृषकलाई वडाबाटै सेवा दिने थाहाको नीति छ ।मत्स्य विकासको लागि सार्वजनिक खोला निजी पोखरीमा मत्स्यपालन गर्ने कृषकलाई भुरा खरि दमा पालिकाले अनुदानको व्यवस्था गर्ने भएको छ । नगरका विभिन्न विषयगत क्षेत्रहरूमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थाहरूलाई मापदण्ड बनाई पुरस्कृत गर्ने नीति थाहाको रहेको छ । कोपोमिस प्रयोगलाई कडाइ गर्दै नगरपालिकाका निष्क्रिय रूपमा रहेका सहकारी संस्थाहरूलाई खारेजी, एकै प्रकृतिका सहकारीहरूबीच एकीकरण गरी सहकारी संस्थाहरूबीच गाभ्ने र गाभिने प्रक्रियालाई प्रवर्द्धन गर्ने भएको छ ।

थाहानगरमा परम्परागत शैलीमा नगरपालिकाबाट नक्सा पास गरी घर बनाउने घरधनीलाई प्रोत्साहन स्वरूप नक्शा पासमा लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिइने भएको छ । बनिसकेको घर लाई साँस्कृतिक पहिचान कायम गरी परिमार्जन गर्न चाहने घरधनीलाई घर अभिलेखीकरणमा पनि छुट दिइने भएको छ । थाहा नगरपालिकामा रहेका होटल तथा रिसोर्टको अभिलेख पालिकाको अनलाइन प्रणालीमा राखिने थाहाको नीति छ । पर्यटनसंग सम्बन्धित व्यसायलाई अनलाइन प्रणालीमा आवद्ध गराई पर्यटकको डिजिटल अभिलेखीकरण गर्ने जनाइएको छ । थाहा फोटो प्रदर्शनी आयोजना गर्ने, निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन पार्क निर्माण, दामन सिमभन्ज्याङ क्षेत्रलाई समेटेर मोनोरेल संचालन र सिमभन्ज्याङ-भैसे केवलकार संचालनको संभाव्यता अध्ययन गर्ने समेत पारित नीतिमा उल्लेख छ ।

'श्रमको सम्मान, राष्ट्रको अभियान' भन्ने नारालाई सार्थकता दिन, 'अबको कदम, लघु उद्यम' भन्ने नाराको साथ लघु उद्यमशीलताको प्रवर्द्धन गर्न र 'जानै परे जानेर जाऔँ' भन्ने नाराका साथ वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन एकीकृत रूपमा कार्यक्रम संचालन गर्ने नीति थाहा नगरपालिकाको रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम, रोजगार सेवा केन्द्र, सुरक्षित आप्रवासन कार्यक्रमलाई एकीकृत गरी प्रभावकारी रूपमा संचालन गर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उद्यमशिलता र उत्पादनसहितको न्यूनतम रोजगारी सिर्जना हुनेगरी सञ्चालनमा ल्याइने, आयोजनाको दिगोपनामा ध्यान दिई दक्ष कामदार तथा आवश्यक सामग्री खरिदमा स्थानीय सरकारको तर्फबाट साझेदारी गर्ने नीति पालिकाको छ ।

थाहा नगरपालिकाले स्थापना दिवसका अवसरमा वर्षेनी 'थाहा पदक' सहित सम्मानको कार्यक्रम सार्वजनिक गरेको छ । विभिन्न विधामा सूचक निर्धारण गरी उत्कृष्ट, सर्वोत्कृष्ट हुने व्यक्तिलाई 'थाहा पदक' सहित सम्मान गर्ने नीति पालिकाले पारित गरेको छ । थाहालाई वि.सं. २०८१ भित्रमा बालमैत्री नगर घोषणा गर्ने, विपन्न, दलित, जनजाति, अपाङ्गता भएकालाई विशेष कार्यक्रम मार्फत मुल प्रवाहीकरणमा जोड दिने थाहाको नीति छ ।

नगरपालिका स्थापना दिवसमा थाहा नगर प्रमुख-११ र प्रमुख प्रशासकीय अधिकृत-११ बीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता हुने भएको छ । महिला उद्यमीहरूको पहिचान, प्रवर्द्धन र विकासका लागि विभिन्न सीपमूलक तालिमको साथसाथै बीउपुँजी अनुदान र प्रविधि हस्तान्तरण गर्ने नगरपालिकाको नीति छ । सामूहिक उद्यम प्रोत्साहन र उद्यमी समूह दर्ता र परिचालन पालिकाले

- बाँकी पेज ५ मा

## थाहाको बजेट: ९८ करोड ८८ लाख




आर्थिक बर्ष २०८९/०८१ को लागि थाहा नगरपालिकाले ९८ करोड ८८ लाख ४१ हजार ८ सय ७ रुपैयाँको अनुमानित बजेट पेस गरेको छ । १३ औं नगरसभामा नगर उपप्रमुख भरत गोपालीले बजेट पेश गरेको बजेट सभाले सर्वसम्मत पास गरेको हो ।

संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान १२ करोड ४० लाख, समपुरक अनुदान ५० लाख, विशेष अनुदान १ करोड, सशर्त अनुदान ३१ करोड १४ लाख, राजस्व बाडफाड ११ करोड ६२ लाख २ हजार, रोयल्टी २ करोड गरी जम्मा ५८ करोड ८६ लाख २ हजार रहेको बजेट प्रस्तुत गरे । प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान १ करोड २६ लाख ८२ हजार, समपुरक अनुदान ४ करोड, विशेष अनुदान ६० लाख, सशर्त अनुदान ६ करोड २५ लाख ५४ हजार र राजस्व बाँडफाँड ८ करोड ३५ लाख ५३ हजार ८ सय गरी २० करोड ४७ लाख ७९ हजार ८ सय रहेको तथा नगरपालिका आन्तरिक आयतर्फ राजस्व ६ करोड ५४ लाख ५० हजार, मालपोत २ करोड र गत बर्षको मैज्दात ११ करोड गरी १९ करोड ५४ लाख ५० हजार आम्दानी हुने अनुमान बजेटमा रहेको छ ।

आगामी आर्थिक वर्ष ८ करोड ५४ लाख ५० हजार राजस्व उठ्ने अनुमान गरिएको छ । बजेटले कृषि, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सामाजिक विकास, सुशासन, उद्यमशीलता र रोजगारी, बिपद व्यवस्थापन र क्षमता विकासलाइ प्राथमिकतामा राखेको छ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालयः थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०८० असार ११ गते सोमबार, 26 Jun, 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

www.bikaskhabar.com
bikaskhabar@gmail.com


## • सम्पादकीय •

### भूउपयोग नीति र अर्थतन्त्र

घरजगाको कारोबारमा मन्दी आएको छ । जग्गा वर्गीकरण हुन सक्नु यसको जडसुत्र हो । त्यसलाई समाधान गर्न विभिन्न शर्त र प्रावधानका आधारमा कित्ताकाटको व्यवस्था खुकुलो गर्ने सरकारको निर्णय पनि अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन । अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न घरजग्गा कारोबारलाई जोड दिन आवश्यक छ । सोही आवश्यकतालाई महसूस गरेर सरकारले जग्गा कित्ता काटलाई खुकुलो बनाउने निर्णय पनि गरेको अनुमान लगाउन सकिन्छ । तर, न यो निर्णय कायाृनवयन हुन सक्यो न त यो निर्णय प्रयाप्त नै थियो । सरकारले भूउपयोग नियमावली २०७९ को पहिलो संशोधन गर्दै कित्ताकाटका अप्ठ्यारा फुकाउन गरेको प्रयासले जग्गा किनबेचसम्बन्धी विद्यमान समस्या समाधान हुन्छ नै भन्ने देखिएको छैन । अहिलेको संशोधनले केवल घरायसी समस्यालाई सम्बोधन गरे पनि व्यापारिक कारोबारमा त्यति उपयोगी नहुने सम्बद्ध क्षेत्रका व्यक्तिहरू नै बताउने गर्छन् । जग्गा किनबेच सहज हुनुपर्ने व्यवसायीको मागप्रति गम्भीर नभएर सरकारले एकतर्फी निर्णय गर्दा केही पक्षमा मात्र सहज हुने भएको दाबी गरिएको छ । संशोधनले अंशबन्डा गर्न कित्ताकाट गर्न पाइने व्यवस्था गरेको छ । अंशबन्डाको हकमा २ आना २ पैसा क्षेत्रफलमै जग्गा कित्ताकाट गर्न पाइनेछ । यसै बुँदामा टेकेर बिक्री नभएका घरघडेरीहरू टुक्राएर बिक्री गर्ने बाटो पनि सरकारले नै खोलिदिएको छ । तर, यसले सरकारको सुन्दर र व्यवस्थित शहरको परिकल्पनामा भने धक्का लाग्ने देखिन्छ । वास्तवमा सरकारले वर्गीकरण छिटो गर्नका लागि चाहिने स्रोतसाधन व्यवस्था गरिदिनुपर्थ्यो । तर, राजस्व बढाउन सरकारले अर्थतन्त्र अप्ठ्यारोमा पर्दा यताबाट केही हुन्छ कि भनेर कित्ताकाटलाई सहज बनाउने प्रयास गरेको देखिन्छ । यसबाट घरनिर्माणमा वृद्धि भई निर्माण वस्तुका उद्योग चलायमान हुने अपेक्षा सरकारको रहेको छ ।

त्यस्तै घरजग्गा कारोबार बढेपछि रेस्टुराँ, गाडीलगायत वस्तुको माग बढ्ने आकलन गरिएको पनि देखिन्छ । तर, सर्वसाधारणको क्रयशक्ति नबढेसम्म यो उपाय प्रभावकारी होला भन्न सकिँदैन । कारोबार केही मात्रामा बढ्न भने सक्छ । दुई वा दुईभन्दा बढी व्यक्तिको नाममा किनिएका जग्गा कित्ताकाट गर्न पाइने व्यवस्था गरिएको छ । यसले संयुक्त नाममा जग्गा किनेपछि दर्ताफारी गरेर बेचबिखन गर्ने बाटो खुल्ने छ । यो व्यवस्थामा ४ आना वा १ रोपनीको व्यवस्था लागू हुने भएकाले शहरी सौन्दर्यको कुरामा फरक पर्ने छैन । त्यस्तै गरी मोही बाँडफाँट हुने जग्गाको कित्ताकाट गर्न पाइनेगरी संशोधन गरिएको छ । यसबाट अन्ततः घरजग्गा किनबेचमा समस्या थपिने देखिन्छ । सरकारले विकास आयोजनाको हकमा कित्ताकाट गर्दा कुनै पनि मापदण्ड लागू नहुने व्यवस्था गरेको छ । यस्तो व्यवस्थाले विकास आयोजनालाई सहयोग पुग्ने देखिन्छ ।

भूउपयोग नीतिले यस्तो विषयलाई सम्बोधन गर्ने गरी व्यावहारिक नीति लिनु आवश्यक देखिन्छ । नियमावली संशोधन गरी सरकारले मध्यमार्गी नीति लिन खोजे पनि कैयन् कुरामा देखिएको अस्पष्टताले अहिलेको समस्यालाई निकास दिन्छ भन्न सकिने अवस्था छैन । त्यसैले स्थानीय तहको राजश्वको समेत सवाललाई ध्यानमा राख्दै घरजग्गा कारोबारलाई कसरी अघि बढाउने भन्नेबारे सरकारले यथेष्ट अध्ययन, अनुसन्धान गरी उपयुक्त नीति लिन आवश्यक देखिएको छ ।

**थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा**

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

**महत्वपुर्ण टेलिफोन नम्बरहरू**

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# तटस्थ प्रशासनको आवश्यकता



◆ सागर पण्डित

राजनीति र प्रशासनको सकारात्मक र एकताबद्ध प्रयास हुन सकेमा मात्रै मुलुकको विकास, समृद्धि र सुशासन सम्भव छ । त्यसैले यी दुवै पक्षले आ–आफ्नो भूमिका र क्षेत्राधिकारलाई आत्मसात् गरेर अगाडि बढ्न सके मुलुकमा विद्यमान विभिन्न खाले संकटहरू निवारण भएर जान सक्छन् । साथै जनताले पनि देशमा वास्तविक सरकार भएको अनुभूति गर्न सक्छन् । तर विडम्बना ! हामीकहाँ यी दुवै पक्षले आ–आफ्नो जिम्मेवारी बिर्सिएर एकले अर्काको भूमिका निर्वाह गर्न खोज्दा र राजनीतिले प्रशासनमाथि नाङ्गो हस्तक्षेप गर्दा मुलुकले अपेक्षा गरेअनुसार प्रगति गर्न नसकेको हो ।

भर्खर मात्रै देशले नयाँ मुख्य सचिव पाएको छ । भूमिका र अधिकारका हिसाबले मुख्य सचिव पद प्रधानमन्त्रीजत्तिकै शक्तिशाली र निर्णायक पद हो । मुख्य सचिवले चाहेमा राजनीतिलाई पनि सही ट्र्याकमा ल्याउन सक्छन् । तर हामीकहाँ हालसम्मका कुनै पनि मुख्य सचिव रोलमोडलको भूमिकामा रहन सकेनन् । मुलुकको विकास, सुशासन र समृद्धिमा समर्पित भएर सोही अनुसारका प्रभावकारी योजना ल्याउने र त्यसको सशक्त कार्यान्वयनमा रातदिन खट्न सक्ने मुख्य सचिव देशले अहिलेसम्म पाउन सकेन ।

राजनीति र त्यसको नेतृत्वलाई सही दिशामा डोऱ्याउन अधिकतम संघर्ष गरेर लाग्ने मुख्य सचिव शायदै होलान् । यद्यपि खराब राजनीति भएको ठाउँमा प्रशासन असल खोज्न सकिँदैन । तर पनि राजनीतिक नेतृत्वलाई समेत गति र मति दिने प्रशासनिक नेतृत्व पाउन नसक्नु हाम्रो लागि अर्को विडम्बना हो । कतिपय मुख्य सचिव त टापटिपे र खरिदार सुब्बाको स्तरभन्दा माथि पुग्नै सकेनन् । अर्थात् जस्तो राजनीति उस्तै प्रशासन भनेजस्तै आफू पनि नाम मात्रैको र औपचारिक मुख्य सचिव बनेर बिदा भए । ती मुख्य सचिवले आयाराम गयारामको भूमिका निर्वाह गरे । यद्यपि विगतमा एक–दुईजना मुख्य सचिवले केही सुधारका कार्यहरूको थालनीको प्रयास गरे पनि अन्त्यमा उनीहरू राजनीतिक नेतृत्वको अगाडि लम्पसार परेरै बिदा भए ।

अहिले पनि नयाँ मुख्य सचिव आएका छन् । उनले आगामी दिनमा प्रशासनलाई कुन दिशामा अगाडि बढाउँछन् भन्ने कुरा त उनले खेल्ने भूमिकाले नै प्रस्ट पार्नेछ । आशा गरौँ, नयाँ मुख्य सचिवले रोलमोडलको रूपमा काम गर्नेछन् र कोमामा रहेको प्रशासनलाई सञ्जिवनी बुटी खुवाउने छन् । तर मुख्य सचिव चुनौतीको चाङमा छन् । उनी जुन प्रक्रियाबाट नियुक्ति भए त्यसमा धेरै शंका गर्ने आधारहरू छन् । विगतदेखि नै प्रत्यक्षरूपमा सेटिङमा मुख्य सचिव नियुक्त हुने परम्परा यसपटक पनि देखियो । किनकि मुख्य सचिवले आफ्नो तीन बर्से कार्यकाल पूर्णरूपमा नसकी उनलाई केही समय बाँकी रहेकै अवस्थामा अर्को कुनै निकायमा पठाएर सो ठाउँमा नयाँ मुख्य सचिव ल्याइन्छ भने त्यहाँ स्वतः शंका गर्ने ठाउँ रहन्छ । राजनीतिक नेतृत्वले अपनाएको यस्तो गलत प्रक्रियाले प्रशासनको विकासमा गम्भीर क्षयीकरण हुने र धक्का लाग्ने निश्चित छ । विगतदेखि नै अपनाइएका यस्ता प्रवृत्तिले प्रशासन आज दिनानुदिन कमजोर र पंगु बन्दै गइरहेको प्रस्ट छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई सफल पार्न राजनीतिक नेतृत्वको साथसाथै प्रशासनिक नेतृत्वको पनि महत्वपूर्ण भूमिका रहन्छ । प्रशासनिक नेतृत्व राजनीतिक नेतृत्वको असल सल्लाहकारको रूपमा रहनुपर्छ । प्रशासनिक संयन्त्रमा रहेका सबै कर्मचारीहरू निष्पक्ष र तटस्थ भएर काम गर्ने हो भने धेरै समस्या समाधान हुन सक्छ । तर विडम्बना ! हामीकहाँ प्रशासनिक संयन्त्र निष्पक्ष र तटस्थ बन्न सकेका छैनन् । सामान्यतया प्रशासन क्षेत्र निष्पक्ष हुनु भनेको राजनीतिक रूपमा निष्पक्ष हुनु हो । प्रशासनिक संयन्त्रमा रहेका व्यक्तिहरूले सही कुराको समर्थन र गलत कुराको विरोध गर्नुपर्छ । सत्यताप्रतिको प्रतिबद्धता नै निष्पक्षता हो । यसै गरी प्रशासकहरू आफ्नो जिम्मेवारी र कामप्रति प्रतिबद्ध हुनु पनि निष्पक्षता हो । प्रशासनले कुनै वाद वा विचारको पक्षपोषण गर्नुहुँदैन । यी विषयहरू सैद्धान्तिक भए पनि आम कर्मचारी संयन्त्रले यो सिद्धान्तलाई व्यवहारमा उतार्न सकिरहेको छैन । बरू यसको ठीक विपरीत देखिने गरेको छ । अधिकांश प्रशासकहरू सत्य कुराको विषयमा राजनीतिक नेतृत्वसँग अडान लिन सक्दैनन् । अडान लिनुको साटो प्रशासनिक नेतृत्वमा रहने उच्च पदस्थहरू मन्त्रीको 'एसम्यान' बन्ने गरेका छन् । ठूला–ठूला किताबका ठेलीहरू कण्ठ पारेर, ज्ञानको अथाह भण्डारलाई आफूमा समाहित गर्दै प्रशासकको हैसियत बनाएकाहरू जाबो नाथे मन्त्रीको एसम्यान बन्न पुग्नु आज हाम्रो लागि निकै दुःखद र घोर विडम्बना भएको छ । सबै प्रशासकहरू एकजुट भएर अगाडि बढेमा राजनीतिक नेतृत्व उनीहरूमाथि खेल्न नसक्ने प्रस्ट हुँदाहुँदै पनि प्रशासक तथा कर्मचारीतन्त्रमा रहेकाहरू एकजुट हुन नसक्नु दुःखद र खेदजनक छ ।

प्रशासकहरू मन्त्रीको एसम्यान बन्न पुग्दा उनीहरूले आफ्नो स्वविवेकले काम गर्न सक्दैनन् । प्रशासनिक संयन्त्रले आफैँले राजनीतिक हस्तक्षेपको आमन्त्रणसमेत गर्ने गरेका छन् । वास्तवमा प्रशासन स्थायी सरकार हो । त्यसैले यो व्यावसायिक हुन जरूरी छ । कुनै पनि शासकीय व्यवस्था र प्रणालीलाई सफल तथा असफल बनाउन प्रशासनको महत्वपूर्ण भूमिका रहन्छ ।

अहिले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था छ । यो शासन व्यवस्थाको सफलता पनि धेरै हदसम्म प्रशासनिक संयन्त्रको कार्यक्षमतामा निर्भर रहन्छ । त्यसैले पनि हाम्रो प्रशासन संयन्त्रले संघीय शासन व्यवस्थालाई अन्तरात्मादेखि नै स्वीकार गर्नुपर्छ । अहिले पनि कतिपय प्रशासनिक नेतृत्वमा केन्द्रीकृत सोच नै हाबी देखिन्छ । उच्च प्रशासकहरूमा र हेको केन्द्रीकृत सोचका कारण केन्द्रमा बन्ने गरेका विभिन्न कानुनहरूले प्रदेश र स्थानीय सरकारका अधिकारहरूलाई संकुचन गर्न खोजेको देखिन्छ । बन्दै गरेका कानुनका मस्यौदाहरूमा केन्द्रीय सरकारलाई नै बढी शक्तिशाली बनाउने प्रयास गरेको पाइन्छ, जुन गलत हो । संविधानले नै संघ, प्रदेश र स्थानीय सर कार सहकार्य, सहअस्तित्व र समन्वयको आधारमा सञ्चालन हुनुपर्ने व्यवस्था गरेको छ । तर संविधानमा भएको यो व्यवस्थालाई केन्द्रीय सरकारले गम्भीर तापूर्वक आत्मसात् गरेको देखिँदैन । यस्तो प्रवृत्तिले संघीय शासन प्रणालीको संस्थागत विकासमा गम्भीर समस्या सिर्जना गर्न सक्ने भएकाले केन्द्रीय सरकारका प्रतिनिधिहरू यस विषयमा गम्भीर बन्न जरूरी छ । यसो भनिरहँदा प्रदेश सरकारका केही गतिविधिहरू पनि संविधानको भावना विपरीत रहेको पाइन्छ । त्यसैले प्रदेश सरकार पनि केही हदसम्म सच्चिनुपर्ने देखिन्छ । प्रदेश सरकार आफू छुट्टै इलाकाको स्वतन्त्र सरकार रहेको भन्ने भ्रमबाट मुक्त हुनुपर्छ । संघीयताको अभ्यास भर्खरै मात्रै भइरहेको हामीकहाँ प्रदेश सरकारले धेरै विषयमा केन्द्रीयसरकारसँग समन्वय गरी अघि बढ्नुपर्ने अवस्था रहेकाले पनि उसले केन्द्रीय सरकारजत्तिकै शक्तिशाली छौँ भन्ने भ्रमबाट समेत मुक्त हुन जरूरी छ ।

संघ, प्रदेश र स्थानीय तह सञ्चालन गर्ने कतिपय राजनीतिक नेतृत्वमा बुझाइमा समस्या देखिन थालेको छ । स्थानीय तहका जनप्रतिनिधिहरूले कानुनलाई समेत हातमा लिएर आफूखुशी काम गरिरहेको देखिन्छ । यस्तो अवस्थामा प्रशासनिक नेतृत्वमा रहेका कर्मचारीहरूले राजनीतिक नेतृत्वको रूपमा रहेकाहरूलाई कानुनका पक्ष र आवश्यकताका बारेमा प्रस्ट पार्न जरूरी छ । काले–काले मिलेर खाऔँ भाले भन्ने प्रवृत्ति दुवै पक्षले गर्नुहुँदैन । जनप्रतिनिधिहरूले कर्मचारीलाई गलत काम गर्नका लागि दिएका निर्देशनहरू कर्मचारीहरूले मान्नुपर्छ भन्ने छैन । यस्तो अवस्थामा कर्मचारीले जनप्रतिनिधिहरूलाई कानुनी पक्षले र आर्थिक अनुशासनका बारेमा प्रस्ट पार्न जरूरी छ । कतिपय स्थानीय तहमा जनप्रतिनिधिहरू र कर्मचारीहरूको गोप्य मिलेमतोमा गैरकानुनी कामहरूसमेत भइरहेका तथ्यहरू पनि सार्वजनिक भइरहेका छन् । आर्थिक फाइदा हुँदासम्म दुवै पक्षबीच राम्रो साँठगाँठ हुने तर भागवण्डा नमिलेमा मात्रै गलत कामहरू बाहिर आउने गरेको तीतो तथ्य हामीसँग छ । यस्तो प्रवृत्ति गलत हो ।

प्रशासनिक संयन्त्रमा रहेका कर्मचारीहरूले चाहेमा धेरै हदसम्म सुधार ल्याउन सकिन्छ । जनतालाई सेवा दिने विषयमा पनि कर्मचारीहरू संवेदनशील

*बाँकी पृष्ठ ३ मा*

## तटस्थ ..... ..... . . .

भएर लाग्न सके भने आम जनतामा उनीहरूकै साख बढ्न पुग्छ । त्यसैले प्रशासनिक संयन्त्रमा बसेकाहरूले अब जिम्मेवारी बहन गर्दा राजनीतिक मान्यताको प्रभावमा पर्नुहुँदैन । त्यसै गरी राजनीतिक नेतृत्वलाई सल्लाह दिदा वस्तुगत भएर दिनुपर्छ र असल निर्णय गराउन उत्प्रेरित गर्नुपर्छ र त्यस्ता निर्णयहरूको कार्यान्वयन शसक्त रूपमा गराउनु पर्छ । विगत देखि अहिलेसम्म आइपुग्दा प्रशासनलाई एउटा गम्भीर आरोप लागिरहेको छ । प्रशासनिक संयन्त्रमा रहेका उच्च अधिकारीहरू नेता जस्ता वन्न पुगेको आरोप उनीहरू माथि छ । आगामी दिनमा त्यस्ता खाले आरोप आउन नदिन प्रशासनिक संयन्त्रमा रहेकाहरू संवेदनशील बन्न जरूरी छ ।

हामीकहाँ प्रशासनिक संयन्त्र किन तटस्थ बन्न सकेको छैन भन्ने बारेमा कहिल्यै पनि कारणहरूको पहिचान गरी समाधानका प्रयास हुन सकेन । जसरी मुलुकमा भ्रष्टाचारको पारो किन र के कारणले बढ्यो भन्ने बारेमा कहिल्यै कुनै खोजी गरिएन । त्यसै गरी प्रशासनिक संयन्त्र पनि किन तटस्थ बन्न सकेन भन्ने बारेमा पनि कहिल्यै कुनै खोजी गर्न सकिएन । किनकि राजनीतिक नेतृत्वले कहिल्यै पनि प्रशासनलाई सुधार गरेर यसलाई शक्तिशाली बनाउनेतर्फ ध्यान नै दिएको देखिएन । यस विपरीत प्रशासनलाई कसरी कमजोर बनाउन सकिन्छ र निरन्तर हस्तक्षेप गरेर आफ्नो स्वार्थ सिद्ध गर्न सकिन्छ भन्नेमा नै राजनीतिक नेतृत्व लागिपरेको छ । त्यो कुरा प्रशासनिक संयन्त्रले बुझ्रेर पनि यसलाई कमजोर बन्नबाट रोक्न कुनै पहल प्रशासनले नै गर्न नसक्नु आफैँमा आश्चर्यजनक विषय हो ।

विगतमा प्रशासन सुधारका लागि विभिन्न आयोगहरू बनाइयो तर ती आयोगले दिएका सुझावसहितका कैयौँ प्रतिवेदनहरू सिंहदरबारका घर्रामा थन्किएर बसे । प्रशासन सुधार समितिहरूले दिएका प्रतिवेदनलाई कार्यान्वयनमा ल्याउन सकिएको भए शायद हाम्रो प्रशासनिक संयन्त्र निकै शक्तिशाली र प्रभावकारी बन्न सक्थ्यो तर त्यस्तो हुन सकेन । यसमा प्रमुख दोष राजनीतिक नेतृत्वकै छ भने प्रशासनिक नेतृत्व पनि त्यतिकै दोषी देखिन्छ ।

हाम्रो ब्युरोक्रेसीमा नभएको तीनवटा कुरा बनाउनुपर्ने भएको छ । त्यो भनेको राष्ट्रप्रतिको समर्पण, राष्ट्रियताप्रतिको सम्मान र जनताप्रतिको सेवाभाव । यी तीनवटा कुरा निजामती कर्मचारीमा हुनै पर्छ । यो कर्मचारीको लागि पूर्वसर्त बन्नुपर्छ । यो भएन भने निजामती सेवामा आएका व्यक्तिले जनताको अपेक्षा अनुसार काम गर्न सक्दैन । अब त्यस्तो बनाउन ऐन नियमहरूमा नै सेवा प्रवाहका विभिन्न पाटाहरू र कर्मचारीका कर्तव्यहरूलाई समेटिनुपर्छ ।

यसै गरी ऐन नियममा नै जिम्मेवारी र जवाफदेहिताको पाटो, काम नगर्दा, बिगार्दा हुने कारबाहीको व्यवस्था, नागरिक क्षतिपूर्तिको पाटोलाई ऐन नियममा नै समाविष्ट गर्नुपर्छ अनि मात्रै कामप्रति लगाव ल्याउन सकिन्छ । यसै गरी अनुशासनको विषयलाई पनि ऐन नियममा कडाइका साथ व्यवस्था गर्नुपर्छ । कर्मचारीको आचरणमा आमूल सुधार गर्ने किसिमले ऐन नियम बनाएर त्यसको सशक्त कार्यान्वयन गर्न अब ढिलाइ गर्नुहुँदैन । *–न्युज अफ नेपालबाट*

# किन बढ्दैछ ढाड दुख्ने समस्या ?

'काम गर्न बस्नै हुँदैन, ढाड दुख्ने समस्याले सताउँछ । एकछिन उभिन सक्दिन ढाड दुख्न थाल्छ । बसेर काम गर्ने जागिर छ । तर ढाड दुखेर खप्न सक्दिनँ, कहिलेकाहीं त पेनकिलर नै खाने गर्छु ।'



यस्ता समस्या लिएर धेरै युवायुवती अस्पताल आउने गरेका छन् । पहिला ढाड दुख्ने समस्या लिएर वृद्ध उमेरका व्यक्ति धेरै अस्पताल पुग्थे । यो समस्या उमेर पुगेकाहरूमा हड्डी कमजोर भएर देखिने रोग मानिन्थ्यो । तर अहिले युवाहरूमै यो समस्या छ ।

### कारण:

ढाड दुख्ने समस्याको प्रमुख कारण आधुनिक खानपान र व्यस्त जीवनशैली हो । संसारभर आफ्नो पेशा नै परिवर्तन गर्न बाध्य बनाउने समस्या ढाड दुखाइ हो । भागदौड, हड्डी बलियो बनाउने आहार कम, कमजोर बनाउने खाने कुरामा जोड दिनुपर्छ । एउटै पोस्चरमा लामो समय बसेर काम गर्ने बानीले २५ वर्षको उमेर देखि ५० वर्षको उमेर समूहमा ढाड दुख्ने समस्याले सताइरहेको देखिन्छ ।

लामो समयसम्म बसिरहने काम गर्नेहरू जो लगातार एकै पोस्चरमा बस्दा ढाड दुख्ने गर्छ । फलस्वरूप हड्डी, नसा कमजोर हुँदै जान्छन् । नसा च्यापिने समस्या पनि देखिन्छ । अहिले मानिसहरू टन्न खानपान गर्ने तर सकेसम्म कसरत नहुने काम गर्न रूचाउने हुँदा उनीहरू सक्रिय हुँदैनन् । जब सक्रिय हुँदैनन् तब ढाड दुख्ने, कम्मर दुख्ने र हातखुट्टा नै दुख्ने समस्याले सताउने गर्छ । त्यसैले शरीरलाई चलायमान राख्न जरूरी छ ।

ढाड दुख्ने अर्को कारण धुम्रपान हो । धुम्रपानमा हुने निकोटिनले हड्डीलाई कमजोर बनाउँदै लैजान्छ । चुरोटको धुँवामा जुन हानिकारक रसायन हुन्छ, त्यसले हड्डीलाई कमजोर बनाउँछ । चुरोटको लत लागेकाहरूको हड्डी भाँचिएमा जोडिन कठिन हुन्छ । सबैभन्दा बढी ढाड दुख्ने समस्या अत्यधिक चुरोट पिउनुलाई जिम्मवार मानिन्छ । त्यसैले युवा उमेर देखि नै उनीहरूमा ढाड दुख्ने समस्या हुन्छ । त्यसबाहेक वजन बढ्ने, मिर्गौलासम्बन्धी समस्या, मेरूदण्डको क्यान्सर, सुत्दा नमिलेर वा सुतेर पढ्दा पनि ढाड दुख्ने समस्या हुन्छ ।

### उपचार

- एक–दुई दिन मात्र ढाड दुख्ने समस्या भए त्यसलाई सामान्य मानिन्छ । तर दैनिकी नै प्रभाव पार्ने खालको दुखाइ छ भने चिकित्सकलाई जाँच गराउनुपर्छ ।
- एक्सरे, सिटी स्क्यान वा एमआरआई गरेर पनि ढाड दुख्नुको मुख्य कारण जस्तै मेरूदण्डको समस्या, मेरूदण्डको क्यान्सर, नसा च्यापिएको, लिगामेन्ट मांसपेशीको समस्या, डिस्कको समस्या, स्कोलियोसिस, कम्प्रेसन फ्याक्चर (जुन बुढेसकालमा महिलामा बढी हुन्छ) पत्ता लगाउन सकिन्छ ।
- दुखाइ सहन सक्ने किसिमको छ भने फिजियोथेरापीद्वारा ढाड दुख्ने समस्या कम गर्न सकिन्छ । खुट्टा झमझमाउने, दिसापिसाब नियन्त्रण भएन भने अस्पताल पुग्नुपर्छ ।
- दुखाइ सामान्य किसिमको छ भने सामान्य पेनकिलर सेवन गरेर तथा फिजियोथेरापी गरेर पनि तीन महिनामा निको पार्न सकिन्छ । तर दुखाइ गम्भीर भएमा यो समस्या लामो समय रहिरहन्छ ।
- नियमित व्यायाम गर्ने, लगातार एकै स्थानमा बसेर काम नगर्ने, गर्ने परेमा केहीछिन विश्राम लिंदै बिस्तारै हिंड्ने, उठ्ने र पुनः आएर काम गर्ने, मदिरा तथा धुम्रपान सेवन नगर्ने, भारी सामान नउचाल्ने, क्याल्सियमयुक्त खानेकुरा खाने गर्दा ढाड दुख्ने समस्याबाट जोगिन सकिन्छ ।

# चकलेटले कस्तो हानि गर्छ ?

मनपर्ने खानेकुराको नाम के हो ? बालबालिकालाई यो प्रश्न सोध्ने हो भने उनीहरूले हत्तपत्त जवाफ दिइहाल्छन्– 'चकलेट' ।

चकलेटमा हुने गुलियोपन र त्यसको आकर्षक स्वरूपमा उनीहरू लोभिने गर्छन् । त्यसैले त अभिभावक पनि आफ्ना बालबच्चा कुनै कुरामा रिसाए वा रूँदा चकलेटको प्रलोभन दिएर सम्झाउँछन् । यस्तोमा बच्चाहरू पनि चकलेट दिंदा मख्ख पर्ने र नपाउँदा डाँको छोडेर रूने गर्छन् ।

आमाबाबुले दिएको यो लोभपछि बच्चाहरूको बानी बन्छ । चकलेट अत्यधिक खाने बानीले उनीहरूको स्वास्थ्यमा असर पुग्ने चिकित्सकहरू बताउँछन् ।

### यस्ता छन् बेफाइदा

**पौष्टिक तत्वका अभावः**

अत्यधिक मात्रामा चकलेट खाने बानी स्वास्थ्यको हिसाबले फाइदाजनक नहुने बालरोग विशेषज्ञ डा. सन्तोष पोखरेल बताउँछन् । उनका अनुसार चकलेटले पेटलाई टन्न पारिदिन्छ । अन्य खानेकुरा नखाँदा शरीर राम्रोसँग वृद्धि विकास हुन पाउँदैन ।

'बच्चालाई जति चकलेट दिइन्छ, त्यति उनीहरूमा चुरोटको लत लागेजस्तै चकलेटको लत लाग्छ । यसले उनीहरूलाई चकलेटबाहेक अन्य खानेकुरा खानै मन नलाग्ने गराउँछ,' उनले भने, 'फलस्वरूप पौष्टिक तत्वको कमी हुन्छ र उनीहरू कमजोर हुँदै जान्छन् ।'

**मोटोपन:**

चकलेटमा पाइने चिनीले शरीरमा चिनीको स्तर बढाइदिन्छ । अझ मोटोपन भएका बालबालिकामा मधुमेह गराउन पनि चकलेट कारकको रूपमा देखा पर्न सक्ने डा. पोखरेल बताउँछन् । अत्यधिक चकलेटको सेवनले बालबालिकामा मोटोपनको पनि समस्या ल्याउँछ ।

**बेचैन गराउँछः**

डा. पोखरेलका अनुसार चकलेटमा चिनी, थियोब्रोमाइन र फेनिलेथिलामाइन जस्ता अन्य धेरै उत्तेजक तत्व हुन्छन्, जसले बच्चाको स्नायु प्रणालीलाई हानि पुऱ्याउँछ । वयस्कले जति क्याफिनको भार बालबालिकाले सहन सक्दैनन् ।

यसले बच्चालाई धेरै बेचैन महसुस गराउन सक्ने, पेट दुखाउने समस्या गराउन सक्ने डा. पोखरेल बताउँछन् । त्यसबाहेक यसबारे भएका केही अन्तर्राष्ट्रिय अध्ययन अनुसार चकलेटमा पाइने क्याफिनले मुटुको धड्कन पनि बढाउने हुँदा निद्रामा समस्या समेत देखाउने र चकलेटमा एन्डामाइड एसिडले मस्तिष्कको कार्यलाई हानि पुऱ्याउने देखिएको उनको भनाइ छ ।

**दाँतमा असर:**

चकलेट धेरै खानु दाँतको लागि अति हानिकारक हुने दन्त चिकित्सक डा. मनिषा खर्बुजा बताउँछिन् ।

'चकलेटमा हुने चिनी दाँतमा अड्किने र टाँसिने गर्छ । बच्चाहरूमा कुल्ला गर्ने ज्ञान हुँदैन, जसले अड्किएको चकलेटमा जीवाणु फैलिएर एसिड उत्पादन गर्छ,' उनी भन्छिन्, 'त्यसले खानेकुरा बिस्तारै दाँतलाई नरम बनाउँदै लैजान्छ । जसकारण दाँतलाई बलियो बनाउने तत्व खनिज बिस्तारै खिइँदै जान्छ ।'

**चकलेटको बानी कसरी छुटाउने ?**

धेरैजसो बालबालिकामा चकलेटको लत नै बसिसकेको हुन्छ । उनीहरू चकलेट नपाए शान्त नै नबस्नेसम्म हुन्छन् । यस्तोमा उनीहरूलाई बिस्तारै यसको लतबाट छुट्कारा दिलाउन फलफूललाई नै आकर्षक ढंगले विभिन्न आकारमा डिजाइन गरेर दिन डा. पोखरेल सुझाउँछन् ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७५३३००

# तरकारीले भाउ नपाएपछि थाहाका किसान चिन्तित

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नंम्बर ३ का कृषक भुवन सेढाईले ७ हजार बन्दाको बेर्ना रोपेका थिए । अहिले बन्दा बिक्रीका लागि तयार भैसक्यो । सामन्यतया बन्दा १० टन उत्पादन हुन्छ । १० रूपैंया प्रतिकिलोमा बेच्न पाउँदा १ लाख आम्दानी हुन्छ । सेढाईले भने, 'तीन महिना मेहनत गर्दा १ लाख आम्दानी हुन्थ्यो ।' उनले थपे, '२५ हजार लगानी खर्च हुँदापनि ७५ हजार बचत हुन्थ्यो । कुनै समय ५० रूपैयाँ किलोमा समेत बिक्री हुनगरेको बन्दा यसपाली प्रतिकिलो ३ रूपैयाँमा पनि बिक्न मुस्किल छ ।'



त्यस्तै थाहा नगरपालिका वडा नंम्बर ४ फापरबारीका कृषक कुमारी तामाङले उत्पादन गरेको करिब ३ टन मुला ५/६ रूपैयाँमा बिक्री हुन पनि मुस्किल छ । तामाङले भनिन्, 'लगानी नै १० हजार भन्दा बढी लाग्छ । जम्मै मुला बेच्दा २० हजार पनि आउँदैन कसरी जीवन धान्नु ?' सेढाई र तामाङ जस्ता धेरै कृषकहरू आफूले उत्पादन गरेको तरकारी उचित मूल्य नपाउँदा चिन्तित भएका छन् । अन्य तरकारीको तुलनामा बन्दा र मुलाको खेती बढी भएको अवस्थामा बिक्री मूल्य निकै कम भएकोले कृषकहरू लगानी डुबेर नोक्सानीमा पर्ने भएकोले चिन्तित भएका छन् ।

आर्थिक मन्दी र होटल ब्यवसायको सञ्चालनमा कमी आएको कारण तरकारीको मूल्य कम भएको स्थानीय तरकारी ब्यापारीहरू बताउँछन् । बर्सेनी आफूले उत्पादन गरेका तरकारीले मूल्य नपाएपछि कृषकहरू बिकल्पको रूपमा बिदेशिन बाध्यता रहेको स्थानीय कृषक तोकबहादुर लो बताउँछन् । अहिले थाहानगरमा काउली, मुला, बन्दा, गाँजर , माछे खुर्सानी, धनियाँलगायतको तरकारी उत्पादन भइरहेको छ । अन्य तरकारीको तुलनामा बन्दा र मुलाको बिक्री मूल्य निकै कम भएकोमा कृषकको गुनासो छ ।

# थाहानगरका सहकारीलाई लेखा व्यवस्थापन तालिम

◆ विकास संवाददाता




मकवानपुर थाहा नगरपालिका सहकारी शाखाको आयोजनामा सहकारीहरूलाई लेखा व्यवस्थापन सम्बन्धी तालिम दिईएको छ । थाहा नगरपालिका मातहतका सहकारी संस्थाहरूलाई दुई दिने लेखा व्यवस्थापन तालिम दिइएको हो ।

नयाँगाउँको साहारा रिसोर्टको सभाहलमा संचालन भएको तालिमका सहभागीहरूलाई पालुङ क्याम्पस प्रमुख राजन मिश्र, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापक प्रकाश पौडेल, थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी र लेखा शाखा प्रमुख हरी बहादुर खपाङ्गी मगरले सहजीकरण गरेका थिए ।

तालिममा नगर भित्र संचालनमा रहेका ३० वटा सहकारी संस्थाहरूको सहभागिता रहेको नगरपालिकाका सहकारी शाखा प्रमुख उमेश श्रेष्ठले जानकारी दिए । थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यमा भएको तालिम समापन कार्यक्रम तालीमको प्रशासन महाशाखाका प्रमुख अजित घिमिरेको सभाध्यक्षतामा भएको थियो ।

समापन समारोहमा बोल्दै उपप्रमुख भरत गोपालीले दुईदिने तालिम उपलब्धिमूलक भएको विश्वास व्यक्त गरे । केही सहकारीका कारण जनविश्वास घट्दै गएको बताउँदै सहभागीहरूलाई तालिममा सिकेको सीपलाई व्यवहारमा उतार्न आग्रह गरे ।

# थाहा नगरपालिकामा ३ वटा योजना, बजेट १५ लाख !

◆ विकास संवाददाता

संघीय सरकार अन्तर्गतको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मार्फत मकवानपुरको थाहा नगरपालिकाको लागि तीन वटा योजना छनोट गरी बजेट विनियोज भएको छ । नगरपालिकाको ५ नम्बर वडाको लागि मोटरेबल पुल, ढोकचा तसार पालुङ खोलामा पुल र घर्तिखोला पुलका लागि बजेट विनियोजन भएको हो ।

नगरपालिका अन्तर्गतका ती तीनवटै पुलको लागि पाँच/पाँच लाख रूपियाँ बजेट विनियोजन भएको मन्त्रालयले सार्वजनिक गरेको वार्षिक कार्यक्रम पुस्तिकामा उल्लेख गरिएको छ । यि कार्यक्रमको साथै नगरपालिका क्षेत्र हुँदै संचालन हुने त्रिभुवन राजपथलाई पनि बजेट ३ करोड ३७ लाख ५० हजार रूपियाँ बजेट विनियोजन भएको छ ।

त्यस्तै थाहा नगरपालिका आग्रा गैरीगाउँ गोगने पकने हुँदै धादिङ जोड्ने सडकका लागि १ करोड बजेट विनियोजन भएको पुस्तिकामा उल्लेख गरिएको छ ।

# अपाङ्गता लक्षित शिविरमा १ सय २१ को स्वास्थ्य परीक्षण

◆ विकास संवाददाता

थाहा नगरपालिकाको आर्थिक सहयोग तथा विकलाङ्ग मित्र समूह तथा अपांग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपा काभ्रेको आयोजनामा अपाङ्गता चेकजाँच शिविर भएको छ । अपांग सरोकार केन्द्र थाहानगरको संयोजनमा थाहा नगरपालिकाका तीन स्थानमा शारीरिक अपांगतता चेकजाँच घुम्ती स्वास्थ शिविर आयोजना गरिएको हो ।




शिविरमा १८ वर्ष भन्दामुनिका अपाङ्गता भएका बालबालिकासहित अपाङ्गता भएका १ सय २१ जनाले सेवा लिएका थिए । शिविरमा जन्मजात वा पछि खुट्टाको पैतला भित्र/बाहिर फर्केको, खुट्टालुलो र कमजोर भएको हाड जोर्नी तथा नसा रोगलगायतका रोगहरूको परीक्षण गरिएको शिविरका व्यवस्थापक अपाङ्ग बाल अस्पतालका रूद्र सापकोटाले जानकारी दिए । शिविरमा कृत्रिम अंङ्ग र सहायक उपकरणहरूको आवश्यकता भएकाहरूलाइ निःशुल्क उपकरण वितरण गरिएको थियो ।

नगरको वडा नम्बर ११ र १२ को लागि टिस्टुङ स्वास्थ्य चौकीमा असार ४ गते वडा नम्बर ९ र १० र ६ को लागि चित्लाङ स्वास्थ्य चौकीमा ५ गते र बाँकी वडाको लागि असार ६ गते प्राथमिक स्वास्थ्य केन्द्र दोबाटोमा शिविर संचालन भएको थियो ।

शिविरमा स्वास्थ्य जाँचका लागि आएकाहरू मध्ये १६ जनालाई सहायक सामाग्री वितरण गरिएको थियो भने १२ जनालाई अस्पताल भर्नाको लागि सिफारिस गरिएको छ । २० जना बालबालिकालाई लामो समयको उपचार गर्नुपर्ने भएकोले अस्पतालमा रिफर गरिएको छ । २ जनाको कृतिम खुट्टा नाप गरी २ जनाको खुट्टा तयार भैसकेकोले लिनको लागि चेकजाँच सहित अस्पताल बोलाइएको शिविर व्यवस्थापक रूद्र सापकोटाले जानकारी दिए ।

तीन दिने शिविर समापन कार्यक्रममा थाहा नगरपालिकाको महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग परिचय वितरण शाखा प्रमुख प्रतिमा मोक्तान, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, सामाजिक विकास समिती सदस्य पवित्रा सिंह ठकुरी, अपांग सरोकार केन्द्र थाहाका अध्यक्ष मनलाल गोपाली, पत्रकार शम्भु अधिकारीको उपस्थिति रहेको थियो ।

# अलमलमा बागमतीको बजेट

◆ विकास संवाददाता

मकवानपुरमा रहेका दश स्थानीय तह मध्ये पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट ल्याउन नसकेको देखिएको छ ।

जिल्लाका अन्य स्थानीय तहले नीति तथा कार्यक्रम र बजेट ल्याउँदा पनि बागमती गाउँपालिकाले नीति कार्यक्रम र बजेट ल्याउन नसकेको देखिएको हो । पालिकामा बजेट सिलिङबारे दलिय सहमति हुन नसक्दा नीति, कार्यक्रम र बजेट आउन नसकेको ८ नं. वडा अध्यक्ष इन्द्रमणी तिमल्सिनाले बताए । उनले नीति तथा कार्यक्रम र बजेटमा राजनीतिक खिचातानी भएको जानकारी दिए ।

यता बागमती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले नीति तथा कार्यक्रमकै बिषयमै छलफल भईरहेको र असार १५ गतेभित्र नीति तथा कार्यक्रम र बजेट आउने बताए । उनले यो पटकको बजेटमा पालिकाले आर्थिक विकासमा जोड दिनेगरि बजेटको तयारी गरिरहेको बताए ।

जिल्लाको राक्सिराङ्ग, कैलाश, इन्द्रसरोवर, भीमफेदी, मकवानपुरगढी गाउँपालिका, हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिकाले नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरिसकेको छ ।

त्यस्तै बकैया र मनहरी गाउँपालिकाले भने नीति तथा कार्यक्रम प्रस्तुत गरेपनि बजेट सार्वजनिक गर्न बाँकी रहेको पालिकाले जनाएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
बिभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

## पेश भएकै दिन .... ... .. . . .

गर्ने भएको छ । महिला सहकारी र टोल विकास संस्था मार्फत सीपमूलक, स्वरोजगारमूलक तालिम संचालन गरी स्वावलम्बी र आत्मनिर्भर नागरिक तयार गर्न जोड दिने, महिला सहकारीहरू लक्षित विशेष कार्यक्रम संचालन गर्ने नीति छ ।

थाहानगरले लिएको 'एक घर, एक धारा' नीतिलाई निरन्तरता दिदै थप वस्तीहरूमा विस्तार गर्ने भएको छ । थाहानगर खानेपानी व्यवस्थापन बोर्डको कार्यालय स्थापना गरी संस्थागत संरचना निर्माण गर्ने नीति लिएको छ । शुद्ध खानेपानी सेवा सुनिश्चित र व्यवस्थित गर्नका लागि आवश्यक बीउ पूँजीको व्यवस्था पालिकाले गर्ने भएको छ । नगर क्षेत्रमा संचालन भएका विद्युतमा आधारित लिफ्टीङ खानेपानी आयोजनाका लागि विद्युत महसुलमा ५० प्रतिशत अनुदान दिने नीति पारित भएको छ ।

थाहा नगरपालिकाको पालुङ प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको थाहा अस्पतालमा रूपान्तरण गरी सेवा प्रवाह गरिने भएको छ । अस्पतालमा पोष्टमार्टम सेवा सुचारू पनि नगरपालिकाको नीति छ । नगरपालिकामा स्थापना भएको अक्सिजन प्लान्टलाई संचालन गरी आवश्यक सेवा प्रदान गर्ने, थाहा नगरपालिका क्षेत्रमा संचालित सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूबाट दिइने स्वास्थ्य सेवामा विपन्न नागरिक लाई १० प्रतिशत निःशुल्क आरक्षण कोटा छुट्याउने व्यवस्थालाई अनिवार्य गर्ने नगरपालिकाले नीति लिएको छ । २ वर्षभित्र थाहानगरलाई घरमा शून्य सुत्केरी पालिका घोषणा गर्ने आफ्नो नीति मार्फत लक्ष्य लिएको छ ।

थाहा नगरपालिकाका जनप्रतिनिधि, सरकारी कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षकहरूका बालबालिकालाई सामुदायिक विद्यालयमा अध्ययन गर्न गराउन प्रोत्साहन गर्ने भएको छ । थाहा नगरपालिकामा शैक्षिक सुधारका लागि नगरस्तरीय रोष्टर तयार गरी विज्ञहरूवाट तहगत विषयगत तथा सूचना प्रविधिमा आधारित नियमित तालिम संचालन तथा परीक्षाहरू व्यवस्थित गर्ने नगरपालिकाले जनाएको छ । सार्वजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिने थाहा नगरपालिकाले जनाएको छ । सतप्रतिशत घरले जमिन नओगटेका क्षेत्रहरूमा 'एक घर एक रूख' अभियान संचालन गर्ने, प्राकृतिक तथा मानवजन्य विपत्तिबाट अस्थायी रूपमा घरवार विहीन भएकाहरूलाई आपतकालीन आश्रय दिलाउन, न्युनतम सुबिधा भएको एक सुरक्षित आश्रय स्थलको संचालन तथा ब्यवस्थापनको पहल गर्ने नगरपालिकाको नीति रहेको छ ।

बारूणयन्त्र २४ सै घण्टा सञ्चालन गर्ने गरी वारूण यन्त्रलाई नगर प्रहरी मार्फत सञ्चालन गर्ने व्यवस्था गर्ने भएको छ । दमकल जान नसक्ने स्थानमा फायर हाइड्रेन्टरपोर्टेबल पम्पको ब्यबस्थाका लागि



आवश्यक सहकार्य गर्ने, विपद ब्यबस्थापनका लागि रेस्पेन्स तुरून्त गर्ने गरी नगर प्रहरीलाई जिम्मा लगाइने र नगरपालिकाको आपत्तकालिन सञ्चालन केन्द्रमा आवश्यक सामग्री व्यवस्थापन गर्दै वडाहरूमा समेत विपद् सामग्री उपलब्ध गराउने पालिकाको नीति छ ।

थाहा नगरपालिकाले स्वीकृत दरबन्दी बमोजिम जनशक्ति व्यवस्थापन गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउने बताउँदै जनगुनासो सुन्नका लागि व्यवस्थित संयन्त्र तयार गर्ने जनाएको छ । आगामि आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गर्दै पालिकाले सेवालाई चुस्त, दुरूस्त र जनमुखी बनाउने उल्लेख गरेको छ । नगरपालिकाको संगठन संरचना र दरबन्दी पुनरावलोकन गर्ने, सबै वडा कार्यालयलाई सुविधा सम्पन्न गराइने, उत्कृष्ट कार्य गर्ने कर्मचारी र शाखालाई मापदण्ड बनाई पुरस्कृत गर्ने, कर्मचारीको वृत्ति विकास गर्ने, प्राविधिक सेवा केन्द्र स्थापना गरी संचालनमा ल्याउने समेतको नीति नगरपालिकाको रहेको छ ।

थाहानगर क्षेत्रमा घर नम्बरिङ कार्य शुरू गर्ने नगरपालिकाको नीति पारित भएको छ । आउँदो आर्थिक वर्षमा कम्तीमा ३ वटा वडाबाट यसको शुरूवात गर्ने पालिकाको नीति छ । कर तथा राजश्व संकलन गर्न निजी क्षेत्रसंग सहकार्य गर्ने पालिकाको नीति रहेको छ । पालिकाको चालू खर्च नियन्त्रण गर्ने, कर प्रणालीमा सुधार ल्याउने, नयाँ करको संभावनाहरू पहिचान गरी करको दायरा विस्तार गर्ने थाहाको नीति छ । विद्यमान करका दर हरू पुनरावलोकन गरी करमा सहभागिता बढाउने नीति थाहानगरको छ ।

थाहा नगरपालिका भित्र रहेको १२ वटा मेलमिलाप केन्द्रको संञ्चालनलाई निरन्तरता दिने नीति लिएको छ । मेलकिलापकर्ताको क्षमता अभिवृद्धि, कानुनी शिक्षा लगायतका कार्यक्रमहरू संचालन गर्ने भएको छ । सानातिना समस्याहरू वडातहबाटै न्यायिक निरूपण गर्ने नगरपालिकाको नीति छ । न्यायमा पहुँच, निशुल्क कानुनी सहायता, विवाद समाधान, वैकल्पिक उपाय र मेलमिलाप गर्ने नीति पालिकाको रहेको छ ।

# रूपचन्द्रको स्मृतिः 'चर्चा होइन उनको दर्शन व्यवहारमा उतारौं'

◆ विकास संवाददाता



थाहा आन्दोलनका प्रणेता स्वर्गिय रूपचन्द्र विष्टको २४ औं स्मृति दिवसको अवसरमा उनको जन्मथालो थाहानगरमा अन्तरक्रिया कार्यक्रम भएको छ । ७ असारमा थाहा नगरपालिकाको आयोजनामा विकास घर शिखरकोट स्थित रूपचन्द्र विष्टको शालिकमा माल्यार्पणसहित अन्तरक्रिया कार्यक्रम गरिएको हो ।

थाहानगर प्रमुख बिष्णु बहादुर बिष्टको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख भरत गोपालीले रूपचन्द्र विष्टको दर्शनलाई व्यवहारमा उतार्न आवश्यक रहेको बताए । उनले भने- 'हामी रूपचन्द्र विष्टको जन्मथलोको जनप्रतिनीधि हौ, हामीले कहिकतै पारदर्शिताको नाममा हिनामिना गरेको प्रमाण ल्याउनुस् विथ इन मिनेटमा राजिनामा दिन्छु ।' सुशासन र पारदर्शिताको सवालमा नगर प्रमुख विष्णु बहादुर विष्टको आँटको प्रशंसा गरे । नगर प्रमुख विष्टप्रति इङ्गित गर्दै गोपालीले भने-'मेरो र उहाँको कुरा उहीउही हो ।' कार्यक्रममा नगर प्रमुख विष्णु बहादुर विष्टले रूपचन्द्र विष्टको दर्शन कार्यान्वयन आवश्यक भएको औल्याए । विष्टले चलाएको श्रमदान, शैक्षिक अभियान, उन्नत प्रणाली लगायत अहिले पनि उत्तिकै सान्दर्भिक रहेको बताए ।

स्थानीय बिमल कुमार बिष्टले रूपचन्द्रको शैक्षिक जागरणकै कारण थाहामा हालको अवस्थासम्मको प्रगतिको आधार सावित भएको बताए । उनले स.चालन गरेको छोरी शिक्षा, विहानी कक्षा अतुलनीय अभियान भएको धारणा राखे । नेपाली कांग्रेस नगर सभापति प्रमोद कृष्ण जोशीले रूपचन्द्र सबैलाई अझै चिनाउन आवश्यक रहेको धारणा राखे । उनले अझै पनि रूपचन्द्र विष्टलाई साँघुरोमा परियो कि समिक्षा गर्न आवश्यक भएको बताए । जोशीले रूपचन्द्रको शालिक थाहापार्कमा राख्न सुझाव दिदै पालिकाको नगरसभा उनको स्मृतिकै दिन असार ७ मा गर्न नगरपालिकालाई अनुरोध गरे ।

थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानले रूपचन्द्रले गरेको कामको चार्चा गर्नुभन्दा पनि उनको बाटोमा हामी कति लाग्यौं या लागेनौ त्यो समिक्षा गर्न आवश्यक भएको बताए । प्रधानले भने-'विष्टको प्रशंसा भन्दा पनि उनले देखाएको बाटोमा यो यस्तो काम गरेउ भन्ने दिन आउन सके उनको सच्चा फलोअर भइन्छ ।'

थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टको अध्यक्षतामा भएको कार्यक्रमका अतिथी तथा सहभागीहरूलाइ वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझीले स्वागत गरेका थिए । कार्यक्रममा जिल्ला बहुउद्देश्यीय सहकारी संघका कोषाध्यक्ष बिमलकुमार ढकाल, भुमी आयोगका जिल्ला सदस्य अरूण रायमाझी, जनकल्याण माबिका प्रधानाध्यापक सानोभाइ कार्की लगायतकाले रूपचन्द्र बिष्ट र थाहा दर्शनको बारेमा चर्चा गरेका थिए । कार्यक्रममा विभिन्न राजनैतिक दलका प्रतिनिधि, जिल्ला समन्वय समितिका पदाअधिकारी, वडा अध्यक्षहरू, जनमुखी सहकर्मी तथा स्थानीय संघसंस्थाका पदाअधिकारीहरूको उपस्थिती रहेको थियो ।

रूपचन्द्र विष्टको जन्म वि.सं. १९९० पुस २६ गते मकवानपुरको दामन घर्तीखोलामा जन्मिए थिए भने वि.सं. २०५६ असार ७ गते निधन भएको थियो ।



## इन्द्रसरोवरको ... .

पूर्वाधार निर्माणका लागि संघीय समपूरक अनुदान १ करोड ७० लाख, संघीय समपूरक अनुदान प्रशासकीय भवनतर्फ २ करोड ५० लाख प्राप्त भएको थियो ।

पालिकाले वीर फाखेल मैत्रीपार्क निर्माण निरन्तरताका लागि ३० लाख, वडा नम्बर ४ वडा कार्यालय र वडा नम्बर ५ को स्वास्थ्य चौकीको बाँकी रहेको भुक्तानी दिन ६० लाख विनियोजन गरेको छ । पालिकालाई प्रदेश विशेष अनुदानतर्फ ५० लाख, प्रदेश समपूर कतर्फ २ करोड ५० लाख, प्रदेश सशर्त अनुदानतर्फ १ करोड ९९ लाख ५० हजार र प्रदेश सरकारको समपूरक अनुदानतर्फ ३ करोड प्राप्त भएको छ । पालिकाले बडागत सिलिङमा २ करोड ८५ लाख, चालुतर्फ ८ करोड, विभिन्न शाखाको शाखागत दायित्वसमेत ४ करोड गरी ४४ करोड ३४ लाख ५० हजार खर्च हुने अनुमान गरी बजेट ल्याएको उपाध्यक्ष लामाले बताइन् ।

पालिकाको सञ्चित कोष अनुमानित मौज्दातमा १ करोड २९ लाख ५० हजार रहेको छ । संघीय वित्तीय समानीकरण अनुदानमा ७ करोड २६ लाख, संघीय सशर्त अनुदान १३ करोड ४० लाख, संघीय राजस्व बाँडफाँडमा ६ करोड ४६ लाख १९ हजार ६ सय रूपैयाँ, संघीय राजस्व बाँडफाँड अनुदान (विद्युत रोयल्टी र वन) मा २ करोड २६ लाख ४७ हजार ७ सय ५९, प्रदेश वित्तीय समानीकरण अनुदानमा ६४ लाख ६८ हजार, प्रदेश सशर्त चालुमा १ करोड ९९ लाख ५० हजार, प्रदेश राजस्व बाँडफाँड (सवारी साधन) अनुदानमा १ करोड ९१ लाख ७ हजार २ सय ७८, संघीय विशेष अनुदानमा १ करोड, प्रदेश समपूरक कोषबाट २ करोड ५० लाख, प्रदेश विशेष अनुदानमा ५० लाख र आन्तरिक आयमा ३ करोड ४१ लाख ७ हजार ३ सय ६२ रूपैयाँ आम्दानी हुने जनाएको छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## मकवानपुरगढीको बजेटः

# पुर्जीँगततर्फ ३२ करोड १९ लाख, चालुतर्फ २९ करोड ८३ लाख

◆ विकास संवाददाता

मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले आव २०८०/८१ का लागि ६२ करोड २ लाख ५६ हजारको अनुमानित बजेट ल्याएको छ । १० असारमा वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै गाउँपालिका उपाध्यक्ष मानकुमारी पाख्रीन (नेपाली)ले ६२ करोड २ लाख ५६ हजारको अनुमानित आय पेश गरेकी थिइन् । उनले आयतर्फ सरकार वित्तीय समानिकरण अनुदान ९ करोड ७४ लाख, प्रदेश सरकार वित्तीय मानिकरण अनुदान ८६ लाख गरी वित्तीय समानिकरण अनुदानमा १० करोड ६० लाख प्राप्त भएको बताइन् ।

उनले संघीय सरकार राजश्व बाँडफाँड मूल्य अभिवृद्धि कर ६ करोड २२ लाख बाँडफाँड भई प्राप्त हुने अन्तर शुल्क राजश्व ३ करोड ६, खानी तथा खनिज सम्बन्धी रोयल्टी बाँडफाँडबाट १ करोड २५ लाख, घरजग्गा रजिष्ट्रेसन दस्तुरबाट १ करोड २७ लाख बाँडफाँडबाट प्राप्त हुने सवारीसाधन कर १ करोड ७५ लाख, बाँडफाँडबाटै वन रोयल्टी ५ लाख ७२ हजार, जलस्रोत रोयल्टीबाट १ लाख, नदिजन्य पदार्थ (दहत्तर बहत्तर) राजश्व बाँडफाँडबाट हुने आय ४ करोड ५० सहित १८ करोड ५ लाख ७८ हजार अनुमान पेश गरेकी थिइन् ।

संघीय सरकार शशर्त अनुदान विभिन्न शीर्षकमा २३ करोड ९ लाख, प्रदेश सरकारबाट २ करोड २२ लाख ७८ हजार अनुमान गरिएको उपाध्यक्ष पाख्रीनले बताइन् । त्यस्तै, संघीय सरकार समपूरक अनुदान ८० लाख, प्रदेश सरकारको २ करोड ५० लाख गरी ३ करोड ३० लाख हुने अनुमान गरिएको बताईन् । संघबाट विशेष अनुदानमा २ करोड ७५ लाख र प्रदेशबाट १ करोड रकम प्राप्त हुने अनुमान रहेको उनले बताइन् ।

उपाध्यक्ष पाख्रीनले व्ययतर्फ कुल बजेटको पुर्जीँगततर्फ ३२ करोड १९ लाख १२ हजार ८६४ र चालु तर्फ २९ करोड ८३ लाख ४३ हजार १३६ गरी व्यव ६२ करोड २ लाख ५६ हजारको हुने अनुमान पेश गरेकी हुन् । उनले आगामी आवका लागि कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा ८ करोड रकम विनियोजन गरेकी छिन् । गाउँपालिकाको विषय क्षेत्रगत व्यय अनुमानमा आर्थिक विकास क्षेत्रमा तीन करोड ४८ लाख विनियोजन गरिएको छ भने पूर्वाधार विकास क्षेत्रमा २४ करोड ९६ लाख ५६ हजार विनियोजन गरिएको छ । गाउँपालिकाले संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा ४८ लाख रकम छुट्याइएको छ भने सामाजिक विकास क्षेत्रमा २४ करोड ३५ लाख रकम विनियोजन गरिएको उपाध्यक्ष पाख्रीनले बताईन् । त्यस्तै वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा ७५ लाख रकम छुट्याइएको छ ।

गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको सभाध्यक्षतामा बसेको नवौं गाउँसभामा आर्थिक विकास समितिका संयोजक एंव वडा नम्बर ६ का वडा अध्यक्ष कृष्णप्रसाद बजगाईले अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तुत गरेका थिए ।

# भिमफेदीमा रैथाने बालीमा अनुदानको व्यवस्था

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ मा रैथाने बालीलाई अनुदान दिने भएको छ । १० असारमा सम्पन्न १० औं गाउँसभामा रैथाने बालीमा खडेरी र बिउविजन नपाउने जस्ता समस्याका कारण किसानले भोग्नुपरेको समस्यालाई मनन गर्दै उत्पादनको आधारमा अनदान दिने भएको हो ।

कृषकहरूले चरम खडेरी, मल र बीउको अभावजस्ता विविध समस्याहरू झेल्नुपरेको कारण भीमफेदीको प्रमुख खाद्यबालीको रूपमा रहेको मकैको उत्पादनमा २५ प्रतिशतले कमी हुने आकलन गरिएको बताइएको छ । यसबाट गाउँपालिकाका कृषक परिवारमा खाद्य संकट र भोकमरीको अवस्था सृजना हुन नदिन र कृषि पेशाबाट हुने जनशक्ति पलायनलाई रोक्न रैथाने खाद्यबालीहरू कोदो, फापर खेतीमा उत्पादनका आधार मा आवश्यक कार्यविधि निर्माण गरी नगद अनुदान उपलब्ध गराइनेछ बताइएको हो । १ हजार रोपनीमा रैथानेबालिको खेति गर्ने र ५० मेट्रिक टन उत्पादन गर्ने लक्ष्य लिएको बताइएको छ ।

गाउँपालिकाको १० असारमा सम्पन्न भएको गाउँ सभाबाट आगामी आर्थिक बर्ष २०८०/८१ को लागि ६८ करोड ५४




लाख १९ हजार ७ सय ६९ रूपैंया को बजेट प्रस्तुत गरिएको थियो । जसमध्ये चालु तर्फ ३३ करोड २० लाख ८ हजार १ सय ६६ रूपैंया रहेको छ भने पुँजीगत तर्फ ३५ करोड ३४ लाख ९१ हजार ६ सय ३ रूपैंया रहेको छ ।

## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## बाढीपहिरोबाट जोगिऔं

*जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:*

- वृक्षारोपन गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरो जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालो जस्ता भु-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो वस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

*बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वितिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो<br>एफ.आई.पि.भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी.<br>पि.सि.भी.<br>दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला<br>टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी